नेपाल सरकार

## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय दाङ

# सूचना । सूचना ॥ सूचना

**मिति : २०७२।०८।१५**

प्रस्तुत सन्दर्भमा आगामी आ.व. २०७३।२०७४ को जिल्ला विकास योजना तर्जुमा गर्नको लागि माग भई आएका योजना तथा कार्यक्रमहरुको छनौटका लागी स्वीकृत गरिएको प्राथमिकताका आधार एवं सूचकहरु तपसिल बमोजिम सम्वन्धित सरोकारवालाहरु सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**तपसिल**

| सि.नं. | प्राथमिकताका आधार क्षेत्र | सूचकहरु | अंक भार |
|---|---|---|---|
| १ | सर्वसाधारण जनतालाई तत्काल फाइदा हुने | • तत्काल फाइदा पुग्ने | २० |
| | | • विस्तारै फाइदा पुग्ने | १० |
| २ | रोजगारी प्रवर्द्धन हुने | • आयोजना संचालन र सम्पन्न भए पछि पनि रोजगार श्रृजना हुने | २० |
| | | • संचालनको बेलामा मात्र सृजना हुने | १० |
| | | • विस्तारै श्रृजना हुन सक्ने | ५ |
| ३ | आयमूलक | • आयआर्जनमा प्रत्यक्ष र धेरै योगदान गर्ने | २० |
| | | • आयआर्जनमा अप्रत्यक्ष योगदान गर्ने | १० |
| | | • आयआर्जनमा कुनै योगदान नगर्ने | ५ |
| ४ | कृषि उत्पादनमा वृद्धि गर्न सघाउ पुग्ने | • कृषि उत्पादनमा प्रत्यक्ष र धेरै योगदान गर्ने | १० |
| | | • कृषि उत्पादनमा अप्रत्यक्ष योगदान गर्ने | ५ |
| | | • कृषि उत्पादनमा कुनै योगदान नगर्ने | १ |
| ५ | स्थानीय सीप साधन र क्षमताको प्रयोग | • स्थानीय सीप साधन र क्षमताको अत्यधिक प्रयोग हुने | १० |
| | | • स्थानीय सीप, साधन र क्षमताको केही प्रयोग हुने | ५ |
| | | • स्थानीय सीप, साधन र क्षमताको प्रयोग नहुने | १ |
| ६ | वातावरण संरक्षणमा सघाउ पुऱ्याउने | • वतावरण संरक्षण एवं जलवायु परिवर्तन अनुकुलमा धेरै र तत्काल सघाउने | १० |
| | | • वातावरण संरक्षण एवं जलवायु परिवर्तन अनुकलमा थोरै सघाउने | ५ |
| | | • वातावरण संरक्षण एवं जलवायु परिवर्तन अनुकलमा कुनै सघाउ नपुग्ने | १ |
| ७ | पिछडिएका समुदायलाई पुग्ने फाइदा | • पिछडिएका जाति, जनजाति, महिला बालबालिकाहरुको आयआर्जनमा धेरै र तुरुन्त सहयोग पुग्ने | १० |
| | | • पिछडिएका जाति, जनजाति, महिला बालबालिकाहरुको आयआर्जनमा केही प्रत्यक्ष सहयोग पुग्ने | ५ |
| | | • पिछडिएका जाति, जनजाति, महिला बालबालिकाहरुको आयआर्जनमा अप्रत्यक्ष सहयोग पुग्ने | १ |

# जिल्ला विकास समितिको कार्यालय, दाङ

**आ. व. २०७३।७४ को लागी गा.वि.स. / नपाहरुलाई योजना तर्जुमा प्रक्रिया सम्बन्धि आयोजना प्राथमिकरण र छनौटका आधारहरु**

१। जिल्ला आवधिक योजना, शिक्षा योजना, जिल्ला यातायात गुरू योजना, र कृषि योजनाले प्राथमिकता दिएका योजनाहरू,

२। वस्तुगत विवरण, श्रोत नक्सा, गरिवी नक्शांकनले औंल्याएका स्थान तथा वर्गलाई सहयोग पुग्ने योजनाहरू,

३। गरिवी निवारणमा सहयोग पुर्‍याउने कार्यक्रम,

४। सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाइदा हुने तथा रोजगार प्रवर्द्धन हुने आयमूलक कार्यक्रमहरू,

५। कृषि उत्पादन वृद्धि गर्न सघाउ पुग्ने कार्यक्रमहरू,

६। छोटो समयमा सम्पन्न भई वढी प्रतिफल दिने कार्यक्रम,

७। कम लगानीबाट वढी नागरिकलाई लाभ पुर्‍याउने कार्यक्रम,

८। बैकल्पिक उर्जा तथा नवीकरणीय उर्जाको स्थापना, विकास र विस्तारका कार्यक्रमहरु,

९। वढी भन्दा वढी स्थानीय वासिन्दाहरूको सहभागिता र श्रम प्राप्त हुने आयोजना/कार्यक्रमहरू,

१०। हरेक योजनाको जन्म वस्तीबाट हुन्छ भन्ने सिद्धान्तलाई पालना गरेका योजना,

११। पिछडिएका तथा उत्पीडित जाति, जनजाति एवं महिला, वालवालिकाको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरू,

१२। स्थानीय श्रोत, साधन, सीप र क्षमताको परिचालनबाट सञ्चालन हुन सक्ने कार्यक्रमहरू,

१३। वातावरण संरक्षणमा सघाउ पुर्‍याउने कार्यक्रहरू,

१४। गा.वि.स./न.पा सँग सम्बन्धित राष्ट्रिय प्राथमिकता कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमहरू ।

१५। दाङ जिल्ला खुल्ला दिसामुक्त घोषणा भई सकेको हुँदा अव यस कार्यलाई अनुगमन तथा निरन्तरता दिनुका साथै स्वास्थ्य सरसफाई, पूर्ण खोप, बालमैत्री स्थानीय शासन र वातावरणमैत्रीलाई प्राथमिकरणमा राख्ने ।

१६। विभिन्न विषयगत निकायहरु राष्ट्रिय,अन्तरराष्ट्रिय गै.स.स. हरुलाइ पनि योजना तर्जुमाको प्रकयामा छलफल तथा अन्तरक्रियामा सहभागी गराइ उनीहरुबाट उपलब्ध हुने श्रोत साधनको उपलब्धता समेत एकिन गरी समन्वयात्मक रुपमा दोहोरो नपर्ने गरी कार्यक्रम छनौट गर्ने ।

17. नयाँ स्थापना भएका नगरपालिकाहरुको पूर्वाधार र संस्थागत विकासलाई प्राथमिकतासाथ अगाडी बढाउने ।

योजना अनुगमन तथा
प्रशासकीय अधिकृत